SPEAK UP STOP DISCRIMINATION

HUMAN RIGHTS DAY 2010

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नभि पिल्लेद्वारा मानवअधिकार दिवस २०१० डिसेम्बर १० का अवसरमा दिइएको वक्तव्य

संयुक्त राष्ट्रसङ्घको ६० वर्षभन्दा अघि स्थापना भएयता एउटा विश्वव्यापी मानवअधिकार प्रणालीको निर्माण र कार्यान्वयन गर्ने काममा नाटकीय प्रगतिहरू भएका छन्। मानवअधिकार यस्ता अधिकार हुन् जुन अन्तर्राष्ट्रिय कानुनअन्तर्गत तपाईं हामी सबैमा लागू हुन्छन् चाहे हमी बूढा र तन्नेरी, पुरुष र महिला, धनी र गरिब जोसुकै र जहाँसुकैका किन नहौं।

हामीलाई मानवअधिकारको इतिहासलाई परिवर्तन गर्नेहरूमध्ये केहीको नाम थाहा छ – विलियम विबरफोर्स जस्ता दासतालाई उन्मूलन गर्ने सङ्घर्षको अग्रपङ्तिमा रहेका व्यक्तिहरू; ग्लोरिया स्टेनेम, हुदा सारवी तथा सिमन दे बभ्वा जस्ता महिला अधिकारको क्षेत्रमा ठूला प्रगति ल्याउनेहरू। उपनिवेशवादबाट भएको अन्यायलाई सम्बोधन गर्ने महात्मा गान्धी जस्ता व्यक्तिहरू र संस्थागत रङ्गभेद र अल्पसङ्ख्यक तथा आदिवासी जनजातिहरूविरुद्धको विभेदलाई अन्त्य गर्न अभियान छेड्ने मार्टिन लुथर किङ, नेल्सन मन्डेला तथा रिगोबर्टा मेन्चु जस्ता व्यक्तिहरूको बारेमा पनि हामीलाई थाहा छ।

तर यी प्रेरणादायी व्यक्तित्वहरूले जे गरे हामीले नाम थाहा नपाएका धेरै व्यक्तिहरूको सहयोग नपाएको भए त्यसो गर्न सक्ने थिएनन्। दासताको अन्त्य गर्ने प्रयासहरू हजार वर्षदेखि हुँदै आएका छन् र बँधुवा श्रमिक तथा यौन व्यापारका लागि गरिने युवा तथा बालबालिकाको ओसारपसारलाई रोक्न निरन्तर जारी छन्। १५० वर्षभन्दा बढी समयसम्म भएको विशाल सङ्घर्षपछि प्रायः सबै ठाउँमा महिलाले मतदान गर्ने अधिकार जिते पनि अझ धेरै मौलिक अधिकारहरू पाएका छैनन्।

हामीले गरेको प्रगतिका लागि हामी सामुहिक रूपमा मानवअधिकार रक्षक भनेर चिनिने लाखौं गुमनाम नायकहरूका विशाल प्रयासहरूप्रति ऋणी छौं।

मानवअधिकार रक्षकहरू सबै तह र तप्काका हुन्छन् – राजकुमारी तथा राजनीतिज्ञदेखि पत्रकार, शिक्षक तथा डाक्टरजस्ता पेसाकर्मीसम्म र औपचारिक शिक्षा अलिअलि भएका वा नभएका मानिसहरूसम्म। मानवअधिकार रक्षक हुनका लागि कुनै विशेष योग्यताहरू हुँदैनन्। यसका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा प्रतिबद्धता र साहस हो।

हामी सबै मानवअधिकार रक्षक हुन सक्छौं र अहिले हामीले सजिलै पाएजस्तो लाग्ने अधिकारहरूका लागि अरूप्रति हामी कति ऋणी छौं भन्ने कुरालाई विचार गर्दा हामी सबै मानवअधिकार रक्षक *हुनुपर्छ*। कम्तीमा पनि हामीले मानवअधिकारको रक्षा गर्नेहरूलाई सहयोग गर्न हामीले आफूले सकेको गर्नुपर्छ। प्रत्येक वर्ष हजारौं मानवअधिकार रक्षकहरूलाई सताउने, दुर्व्यवहार गर्ने, अन्यायपूर्वक जेल हाल्ने र हत्या गर्ने गरिन्छ। त्यसैले, मानवअधिकार वर्ष २०१० मानवअधिकार रक्षकहरू तथा तिनले सबै प्रकारका विभेदलाई रोक्न गरेको साहसपूर्ण लडाइँप्रति समर्पित गरिएको छ। ती मानवअधिकार रक्षकहरू जसरी हाम्रा लागि उभिएका छन् हामी पनि तिनका अधिकारका निम्ति उभिनु आवश्यक छ।

अन्यायपूर्वक थुनामा राखिएकाहरूमध्ये केही उनीहरूको स्वतन्त्रताका लागि गरिने अन्तर्राष्ट्रिय प्रयासहरूको विषय हुन्छन्। उनीहरूमाथि गरिएको ध्यानाकर्षणले सधैं उनीहरूलाई छिटो मुक्त नगराए पनि निकै हदसम्म शारीरिक संरक्षण प्रदान गर्न सक्छ। तर दमनकारी राज्यअधिकारीहरूद्वारा थुनिएकामध्ये अधिकांश जेलमा, नजरबन्दमा तथा "पुनर्शिक्षा केन्द्र"हरूमा प्रायः बेखबर सडेर रहेका छन्। प्रायः तिनका परिवारहरूलाई पनि लक्ष्यित गरिएको हुन्छ।

मारिएकाहरूमध्ये केही – आफ्नै अपार्टमेन्टको बाहिर सन् २००६ मा हत्या गरिएकी रुसी पत्रकार अन्ना पोलिकोभास्काया तथा यसै वर्षको सुरुमा आफ्नो कारमा मृत अवस्थामा पाइएका कङ्गोली मानवअधिकार रक्षक फ्लोरिबर्ट चेबेया बाहिजर – को स्मरण तथा सम्मान गरिन्छ। तर, मानवअधिकारमा आस्था राखेकै कारण हत्या गरिएका कम चर्चित धेरैजसो मानवअधिकारकर्मीहरू अहिले पनि बाहिरी संसारका लागि अज्ञात नै रहेका छन्।

करोडौं व्यक्तिहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै न कुनै प्रकारको विभेदबाट अझै पनि दिनहुँ पीडित भएको हुनाले सदाझैं मानवअधिकार रक्षकहरूको कार्य आज पनि उत्तिकै महत्त्वपूर्ण छ।

संसारमा आदिवासी जनजातिहरूको सङ्ख्या लगभग ३७ करोड छ जसमध्ये ठूलो सङ्ख्याले विभेदको सामना गर्नुपरेको छ। विकसित मुलुकमा समेत आज जन्मिएका केही आदिवासी जनजाति समुदायका बालबालिकाहरूको औसत आयु केही गैरआदिवासी जनजाति समुदायका बालबालिकाहरूको भन्दा २० वर्षसम्म कम छ।

अल्पसङ्ख्यकहरू पनि त्यस्तै प्रकारका असमानताहरूबाट पीडित छन्। उदाहरणार्थ, ल्याटिन अमेरिकामा, अफ्रिकी मूलका करिब १५ करोड मानिस अरू मूलका मानिसहरूभन्दा बढी मात्रामा गरिबीमा फसेका छन्। त्यस्तै, अपाङ्गता भएका ६५ करोड मानिसमा दुईतिहाइभन्दा बढी (४२ करोड ६० लाख) विकासोन्मुख मुलुकहरूमा गरिबीको रेखामुनि बाँचिरहेका छन्।

संसारमा आधा जनसङ्ख्या ओगट्ने महिलाहरूले अझै पनि केही समाजमा व्यापक विभेदको सामना गर्नुपरेको छ भने अन्य समाजमा अझ सुक्ष्म किसिमका विभेदहरूको सामना गर्नुपरेको छ। यस मुद्दासम्बन्धी सर्वाधिक डरलाग्दा तथ्याङ्कमध्ये एउटा के हो भने विद्यालय जान नपाएका ७ देखि १० करोड बालबालिकामध्ये ७० प्रतिशत बालिका छन्।

स्वास्थ्य सेवाका लागि रकम तिर्नुपरेकाले करिब १० करोड मानिसहरू प्रत्येक वर्ष गरिबीमा धकेलिन्छन्। धेरै मुलुकमा गरिबीको पृष्ठभूमि भएका बालबालिकाहरूले सम्पन्न बाबुआमा भएका बालबालिकाहरूको भन्दा खोप लगाउन पाउने सम्भावना १० गुणा कम हुन्छ भने गरिब महिलाहरूले उनीहरूको जीवन बचाउन सक्ने दक्ष स्वास्थ्य कार्यकर्ताको उपस्थितिमा बच्चा जन्माउने सम्भावना सर्वाधिक धनी २० प्रतिशत महिलाभन्दा २० गुणासम्म कम हुन्छ।

संसारभरिका २० करोडभन्दा बढी आप्रवासीहरू, तिनीहरूमध्ये विशेषगरी अनियमित तथा लिपिबद्ध नगरिएका, ले रङ्गभेद, विदेशीप्रतिको घृणा र लामो समयदेखिका विभेदहरूको विकसित तथा विकासोन्मुख दुवै मुलुकहरूमा सामना गर्नुपरेको छ।

यी आजका वा भोलिका मानवअधिकार रक्षकहरूले सामना गर्नुपर्ने केही डरलाग्दा चुनौतीहरू हुन्। म उनीहरूका निस्वार्थ दृढतालाई सलाम गर्न चाहन्छु। उनीहरू माथि भनिएका सबै मुद्दाहरूमा अथक रूपमा काम गर्छन् र तीबाहेक यौन झुकाव र राज्यविहीन मानिसहरू, वृद्धवृद्धा तथा एचआईभी सङ्क्रमित व्यक्तिहरूका लागि पनि काम गर्छन।

एउटा महत्त्वपूर्ण तथ्याङ्क छुटेको छ। त्यो के भने जम्मा कति मानवअधिकार रक्षकहरू छन् अथवा तीमध्ये कतिलाई डराउनेधम्क्याउने, कुट्नेपिट्ने, जेल हाल्ने वा हत्या गर्ने गरिन्छ भन्नेबारे हामीलाई केही पनि थाहा छैन। हामीहरू तिनका सफलताहरूको मापन गर्ने उपायहरूको विकास गर्न पनि विफल भएका छौं। ती सफलताहरूको श्रेय दबाबमा परी प्रायः राजनीतिज्ञ वा सरकारलाई दिइन्छ।हामीले हाम्रा रक्षकहरूलाई रक्षा गर्न अझ राम्रो काम गर्नु आवश्यक छ।

एक्काइसौं शताब्दीमा नयाँ आर्थिक तथा राजनीतिक शक्तिहरूको उदय भइरहेको छ, जसले आफ्नो अगाडिका अरू शक्तिले जस्तै आफ्ना कामका लागि उत्तरदायी हुँदै स्वदेश र विदेशमा विकासको प्रवर्द्धन गर्ने जिम्मेवारीको सामना गर्नेछन्। मानवअधिकार रक्षकहरूले हालका र भावी नीति तथा कारबाहीहरूमा रहेका त्रुटि र फाइदाहरू औंल्याएर यस प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्नेछन्। तैपनि, उनीहरूले समाजलाई पुऱ्याउने फाइदाका बाबजुद, संसारका केही भागमा उनीहरूले बढ्दो दुरुत्साहन, उत्पीडन तथा तिनका गतिविधिहरू - विशेषतः वाक् स्वतन्त्रता - माथि नियन्त्रणको सामना गरिरहेका छन्।

यो मानवअधिकार दिवसमा, म आलोचना अपराध होइन भन्ने स्वीकार्न र लोकतान्त्रिक सिद्धान्त तथा मानवअधिकारको रक्षा गर्न आफ्ना मौलिक स्वतन्त्रताहरूको शान्तिपूर्णरूपले उपभोग गरेकोमा थुनिएकाहरूलाई रिहा गर्न सरकारहरूलाई आह्वान गर्दछु।

**समाप्त !**